# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**भरतपुर, चितवन**

**बागमती प्रदेश, नेपाल**

प. सं. ८/२०७७/०७८ प्र. ज. वि. शा.

च. नं. ६४१५

मिति: २०७८/०१/१६

**विषयः सेवा प्रवाह सम्बन्धमा ।**

श्री वडा अध्यक्षज्यूहरु (सबै),

श्री कर्मचारीहरु (सबै),

भरतपुर महानगरपालिका ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंको मिति २०७८/०१/१३ को निर्णय एवम् जिल्ला प्रशासन कार्यालय, चितवनको मिति २०७८/०१/१५ को निर्णय अनुसार यस भरतपुर महानगरपालिका क्षेत्रमा कोभिड– १९ को जोखिम बढ्दै गएको अवस्थालाई मध्यनजर गरी आज राति १२ बजेदेखि लागू हुनेगरी निषेधाज्ञा जारी गर्ने निर्णय भएकोले भरतपुर महानगरपालिका र यस अन्तर्गतका कार्यालयहरुबाट गरिने अत्यावश्यक सेवा प्रवाहमा तपसिल अनुसार गर्नु/गराउनुहुन अनुरोध छ ।

तपसिल

१. वडा अध्यक्षज्यूहरुले वडा समितिका सदस्यज्यूहरुसँग समेत समन्वय गरी आ– आफ्नो वडाभित्रका कसैलाई कोभिड– १९ को लक्षण देखिएमा परामर्शका लागि स्वास्थ्य संस्थामा पठाउन समन्वय गर्नुहुन, संक्रमण पुष्टि भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार होम आइसोलेसनमा राख्न वा अस्पताल पठाउन समन्वय गर्नुहुन साथै टोल विकास संस्थाहरु, टोलबासीहरु सबैलाई सतर्क भई घरभित्रै सुरक्षित रहन अह्वान गर्नुहुन ।

२. महाशाखा/शाखा प्रमुख, दमकल, सरसफाई, नगर प्रहरी, विपद् व्यवस्थापन शाखाका कर्मचारीहरु र कार्यालय सहयोगीहरु कार्यालयमा उपस्थित भई आवश्यक कामकाज गर्नुहुन ।

३. अन्य कर्मचारीहरु महाशाखा/शाखा प्रमुखसँग समन्वय गरी आलोपालो अनुसार उपस्थित हुनुहुन र वडाको हकमा वडा अध्यक्ष एवं वडा सचिवको समन्वयमा आलोपालो अनुसार उपस्थित भई कामकाज गर्नुहुन ।

४. वडा कार्यालयहरुमा नागरिकता सिफारिस, बैदेशिक रोजगार, मालपोत र नापी कार्यालयहरुसँग सम्बन्धित सिफारिसहरु बाहेक अन्य अत्यावश्यक सेवा प्रवाहका लागि वडा सचिव र आवश्यकता अनुसारका कर्मचारीहरु उपस्थित भई सेवा प्रवाह गर्नुहुन ।

५. स्वास्थ्यका सम्पूर्ण कर्मचारीहरुले नियमित रुपमा स्वास्थ्य संस्थामा उपस्थित भई सेवा प्रवाह गर्नुहुन ।

(भोजराज खतिवडा)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थः

श्रीमान् नगर प्रमुखज्यू, भरतपुर महानगरपालिका ।

श्रीमान् नगर उपप्रमुखज्यू, भरतपुर महानगरपालिका ।